# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या २२ मिति २०७७ श्रावण १६ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**"लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७"**

प्रस्तावना:- भुम्लु गाउँपालिका क्षेत्रभित्रका लैङ्गिक हिंसा पीडित वा प्रभावितहरुको उद्धार, राहत एवम् पुनर्स्थापना कार्यका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न वाञ्छनीय भएकाले भुम्ल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भुम्लु गाउँपालिका कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १ प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ: १.यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७" रहेको छ ।

२. यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

(२) परिभाषा:-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउँपालिका" भन्नाले भुम्लु गाउँपालिका, सम्झनुपर्छ ।

(ख) "सभा" भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाल दफा ३ बमोजिम स्थापना भएको काषे सम्झन पर्छ ।

(घ) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

## परिच्छेद २

## कोषको स्थापना र प्रयोग

(३) कोषको स्थापना : (१) गाउँपालिका क्षेत्रभित्रका लैङ्गिक हिंसा पीडित वा प्रभावितहरुको उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने कार्यका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहनेछ :

(क) गाउँ सभाबाट विनियोजित रकम

(ख) संघ र प्रदेश सरकारबाट प्राप्त रकम

(ग) स्वदेशी एवम् विदेशी संघ संस्था एवम् व्यक्तिबाट प्राप्त रकम

(घ) कोषको मौज्दात रकममा प्राप्त ब्याज तथा मुनाफा बापतको रकम

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम लैङ्गिक हिंसा निवारण कोषको नाममा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतका संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको प्रयोग :- (१) कोषको रकम देहायको कामका लागि हिंसा पीडित एवम् प्रभावितहरुलाई उपलब्ध गराउन प्रयोग गरिनेछः

(क) तत्काल उद्धार गर्न ।

(ख) औषधी उपचार गर्न ।

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेशबमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न ।

(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन ।

(ङ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न ।

(च) कुनै व्यवसाय वा स्वरोजगार गर्नको लागि बीउ पूँजी ( सिड मनि) को रुपमा प्रदान गर्न

(छ) पीडितलाई पुनर्स्थापना गराउन ।

(ज) अदालतबाट पीडितलाई क्षतिपूर्ति भराउन लेखी आएबमोजिमको रकम ।

(झ) पीडितका लागि समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागुपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

(५) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने : (१) कोषको रकम दफा ४ (१) मा लेखिए बाहेकका अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

# परिच्छेद ३
## समितिको गठन, काम, कर्तव्य र अधिकार

(६) तत्काल उद्धार तथा राहत समिति : (१) लैङ्गिक हिंसा निवारण प्रयोजनार्थ पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि गाउँपालिकास्तरीय तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति देहायबमोजिम गठनहुनेछ :

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) उपाध्यक्ष सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यपालिका सदस्यहरुमध्येबाट अध्यक्षले मनोनित गरेको १ जना सदस्य

(ङ) सम्बन्धित क्षेत्रको प्रहरी प्रभाग प्रमुख १ जना - सदस्य

(च) लैंङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको तर्फबाट १ जना प्रतिनिधि - सदस्य

(छ ) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्कतानुसार बस्नेछ ।

(४) संयोजकले आवश्यक ठानेमा कार्यपालिका सदस्य, सम्बन्धित क्षेत्रका विज्ञ एवम् कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिका सदस्यहरुले बैठकमा भाग लिएबापत नियमानुसार बैठक भत्ता पाउनेछन् ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिको काम, कर्तव्य र अधिकार :समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) लैङ्गिक हिंसा निवारणको सम्बन्धमा संघ, प्रदेश र गाउँपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने ।

(ख) पीडितलाई तत्काल उद्धार तथा राहत र आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) कोषको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

(घ) गाउँपालिकाभित्र लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने ।

(ङ) लैङ्गिक हिंसा रोकथामका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाउने ।

(च) कोषको दिगोपनाका लागि आर्थिक स्रोत जुटाउन संघ, प्रदेश सरकार, अन्य दातृ निकाय एवम् संघसंस्थासँग समन्वय गर्ने ।

(छ) लैङ्गिक हिंसा निवारणसम्बन्धी अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद ४
## कोष सञ्चालन प्रकिया

(८) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार : (१) यस कार्यविधि बमोजिम पीडितलाई उद्धार, राहत तथा आर्थिक सहयोग गर्दा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :

(क) पीडितलाई तत्काल उद्धार गर्दा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजानिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ र वास बस्नुपर्ने भए सो बापत प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा तीन हजार पाँच सय रुपैयाँ

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा, अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च र पीडितसँग आश्रित बालबच्चा भए त्यस्ता बालबच्चाका लागि सोही दर मा खाना खर्च,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दुई हजार पाँच सय रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नका लागि बीउ पुँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाका लागि बढीमा दुई हजार पाँच सय रुपैयाँ,

(च) अदालतबाट क्षतिपूर्ति भराउन लेखी आएमा एक पटकमा बढीमा पच्चीस हजार रुपैंया,

(छ) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पाँच हजार रुपैयाँ ।

(९) निवेदन दिनुपर्ने :- (१) यस कार्यविधिबमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाई समितिमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले दफा ८ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

(१०) तत्काल रकम उपलब्ध गराउन सक्ने : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान गाउँपालिकामा गम्भीर मानवीय क्षति हुने देखिएमा र समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा समितिको संयोजकले आवश्यकता र औचित्यका आधारमा मनासिब रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा(१) बमोजिमको अवस्था आईसमितिको संयोजकले पीडितलाई रकम उपलब्ध गराएको भए त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद ५
## विविध

(११) कोषको लेखा र लेखापरीक्षण : (१) कोषको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(१२) प्रतिवेदन पेश गर्ने :- (१) तत्काल उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिवेदन चौमासिक रुपमा गाउँपालिका कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(१३) निर्देशन दिन सक्ने :- (१) गाउँपालिका कार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

अनुसूची १
(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान् अध्यक्षज्यू,
तत्काल उद्वार तथा राहत समिति
भुम्लु गाउँपालिकापालिका, सल्ले ।

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

म भुम्लु गाउँपालिकापालिका वडा नं.....बस्ने वर्ष......को ..................... मिति ..................... मा/देखि लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा भएको कारणले मेरो मानसिक/शारीरिक/समाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानुनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य कामको लागि सहयोगको आवश्यकता परेको हुदाँ लैङ्गिक हिंसा निवारण कोषबाट नियामानुसार सहयोग रकम उपलब्ध गराइदिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदक

नामथर

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**